का.जि.प्र.का.द.नं. १००/०५१/५०
१६ असोज २०८१,
बुधबार
2 October, 2024
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्नं

वर्ष २२, अंक २३२ । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com



# प्रधानमन्त्रीको स्वीकारोक्ति
## आयो विपद् व्यवस्थापनको सरकारी कार्यक्रम

बाढी, पहिरो र डुबानले मुलुक आक्रान्त भएका बेला सरकारले प्रभावकारीरुपमा काम गर्न नसकेकोप्रति प्रधानमन्त्री केपी शर्मा ओलीले कमजोरी भएको स्वीकारेका छन् । साथै विपद् व्यवस्थापनको कार्यक्रमसमेत प्रस्तुत गरिएको छ ।

### सरकारका योजना

| एक | दुई | तीन | चार | पाँच |
|---|---|---|---|---|
| खोज तथा उद्धार कार्य दुई दिनभित्र सक्ने | राहतलाई एकद्वार प्रणालीमार्फत् वितरण गर्ने | घरबारबिहीन भएकाहरुलाई सरकारले तोकेको स्थानमा अस्थायी आवास बनाउन दिइने | अवरुद्ध भएका राजमार्गहरुलाई तत्काल अस्थायी रुपमा सञ्चालन गर्ने | कृषि बाली भएको क्षतिबारे एक महिनाभित्र लगत निकाल्ने । |

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १५ असोज ।

प्रधानमन्त्री केपी शर्मा ओलीले बाढी, पहिरो र डुबानको सम्भावनाबारे सरकारले गम्भीरता देखाउन नसकेको स्वीकार गरेका छन् । क्षतिको आंकलन र विपद्को आंकलन गरेर पूर्वतयारी गर्न नसकिएको उनले स्वीकार गरेका हुन् ।

बाढी पहिरो आएको बेला प्रधानमन्त्री ओली अमेरिका थिए । संयुक्त राष्ट्रसंघको महासभामा भाग लिन न्यूयोर्क पुगेका ओली सोमबार स्वदेश फर्किएका थिए । उनी भ्रमण छोट्याएर नफर्किएको भनेर आलोचना भएको थियो । फर्किएपछि पनि उनले सरकारले सक्ने जति गरेको बताए । तर प्रधानमन्त्रीले सक्ने जति गरेको भनेर सरकारको बचाउ गरेको भन्दै आलोचना खेपे ।

भोलिपल्टै प्रधानमन्त्री ओलीले बाढी, पहिरो र डुबानले मुलुक आक्रान्त भएका बेला सरकारले प्रभावकारी रुपमा काम गर्न नसकेको भनेर आलोचना भएकोप्रति नरम हुँदै कमजोरी भएको स्वीकार गरे । आफू देशबाहिर भएपनि विपद्को अवस्थाबारे जानकार रहेको भन्दै प्रधानमन्त्री ओलीले भने, 'मलाई पनि यसप्रकारको होला भन्ने अनुमान थिएन ।'

गत शुक्रबार र शनिबार आएको अविरल वर्षापछिको बाढी र पहिरामा परेर मंगलबार साँझसम्म २२४ जनाले ज्यान गुमाएका छन् । २४ जना वेपत्ता छन् । सडक, पुल, विद्युत र आवासमा पुगेको क्षेतिको यकिन विवरण आउन सकेको छैन ।

मनसुनजन्य विपद्बाट २१ जिल्ला बढी प्रभावित भएको छन् । काभ्रेपलाञ्चोक, ललितपुर, धादिङ, काठमाडौं, सिन्धुपाल्चोक, सिन्धुली र मकवानपुर जिल्ला अति प्रभावित भएको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीले गरेको पत्रकार सम्मेलनमा सरकारको तर्फबाट मुख्यसचिव एकनारायण अर्यालले हालसम्म २२४ जनाको मृत्यु, २४ जना बेपत्ता, १५८ जना घाइते भएको जानकारी गराए । चार हजार ३३१ जनालाई उद्धार गरी सुरक्षित स्थानमा पठाइएको बताए ।

पत्रकार सम्मेलनमा प्रधानमन्त्री ओलीले ठूलो विपत्ति आइलागेको र यसको तयारी नरहेको स्वीकार गरे । उनले भने, 'हाम्रो तयारी यस प्रकारको परिस्थितिका लागि थिएन । यस प्रकारको वर्षा होला, पहिरो जाला, मानवीय तथा भौतिक क्षति होला भन्ने अनुमान थिएन ।'

भारी वर्षा हुनसक्छ भन्ने जल तथा मौसम विज्ञान विभागको सूचनाका आधारमा अरु बेलाजस्तै पूर्व तयारी गरिएको उल्लेख गर्दै उनले अगाडि भनेका छन्, 'पहिला यस प्रकारभन्दा कमै हुने गर्थे, त्यसैअनुसार पूर्व तयारी थियो । ठूलै विपत्ति आइलाग्यो ।'

विपद आइसकेपछि सरकारले राहत तथा उद्दारमा काम गरिरहेको बताए । 'केही गर्दै नगरेको होइन, सक्दो गरेको छ । केही कमजोरी भएको हुनसक्छ', सबैतिर समस्या भएकाले एकातिर प्राथमिकता दिँदा अर्कोतिर ढिला भएको हुनसक्ने भन्दै प्रधानमन्त्री ओलीले भनेका छन्, 'जानीजानी

पृष्ठ २ मा

# उद्धार कार्यमा स्वयंसेवकहरू

मुलुक प्राकृतिक विपद्मा परेका बेला मुख्य राजनीतिक दलहरू आपत्तमा परेका नागरिकहरूको उद्धारमा खटिएका हुन् । विभिन्न राजनीतिक दलले स्वयंसेवकहरू नै खटाएका छन् ।



**भावना पाठक/मध्यान्ह**
काठमाडौं, १५ असोज ।

प्रमुख राजनीतिक दलहरू प्राकृतिक विपद्पछिको उद्धारमा केन्द्रित भएका छन् । नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का नेता/कार्यकर्ता फिल्डमा पुगेका छन् । पार्टीले नै निर्णय गराएर समेत उनीहरू प्राकृतिक विपद्पछिको उद्धारमा खटिँदैछन् ।

प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रले विपद व्यवस्थापनका लागि राहत, पुनर्स्थापना र पुननिर्माणका लागि स्वयंसेवक अभियान नै सुरु गरेको छ ।

माओवादी केन्द्रका अध्यक्ष पुष्पकलम दाहाल प्रचण्ड मंगलबार बाढी प्रभावित क्षेत्र काठमाडौंस्थित बल्खुमा पुगे । त्यहींबाट राहत र पुनर्थापनाका लागि स्वयंसेवक परिचालन अभियान उद्धाटन गरे ।

अभियान उद्धाटनका क्रममा प्रचण्डले बल्खुका बाढीपीडितहरूसँग भेट तथा अन्तक्रिया गरे । उनले सो क्षेत्रको स्थलगत अवलोकन, पीडित जनतालाई सम्बोधन साथै त्यहाँ गर्नुपर्ने आवश्यक सहयोगका लागि पहल लिने आश्वासन दिए । बल्खुको जागरण टोलमा ४१७ घर परिवार बाढीबाट प्रभावित भएका छन् ।

यसअनुसार अन्य क्षेत्रमा माओवादी केन्द्रका नेता/कार्यकर्ता खटिनेछन् ।

सरकारको नेतृत्वकर्ता दल नेकपा एमालेले पनि पार्टीको नियमित काम रोकेर राहत र उद्धारमा परिचालित हुन पार्टी पङ्तिलाई निर्देश गरेको छ ।

एमालेका महासचिव शंकर पोखरेलका अनुसार मंगलबार बसेको पार्टीको सचिवालय बैठकले यस्तो निर्देश गरेको हो । उनका अनुसार एमालेले राहत तथा उद्धार कोषमा ५० लाख उपलब्ध गराउने छ । प्रतिनिधिसभा र प्रदेश सभा सदस्यहरुलाई समेत राहत कोषमा सहयोग गर्न अनुरोध गर्ने निर्णय भएको छ ।

एमाले सचिवालय बैठकले बाढी तथा पहिरोमा परेर मृत्यु भएकाहरुको परिवार र घाइतेहरुको अभिभावकका रुपमा राज्य प्रस्स्तुत हुनुपर्नेमा जोड दिएको छ । साथै लाइफ लाइनका रुपमा रहेका सडकहरु सञ्चालन गर्न पहिलो प्राथमिकता दिन सुझाइएको छ ।

प्रमुख सत्ताघटक नेपाली कांग्रेसले बाढी पहिरो प्रभावित क्षेत्रमा पार्टीका जिल्ला र गाउँ नगर कार्यसमितिको बैठक बसी स्थानीय सरकारसँग समन्वय गरी उद्धार, राहत र पुनः स्थापनाकार्यमा अग्रसरता लिने निर्णय लिएको छ ।

महामन्त्री गगनकुमार थापाको अध्यक्षतामा बसेको पार्टीको 'बाढी पहिरो पीडित राहत तथा पुनःस्थानपना समन्वय समिति'को बैठकले यसका लागि आवश्यक समन्वय गर्ने समेत निर्णय गरेको हो ।

बैठकले बाढी पहिरो ग्रस्त क्षेत्रमा भएको जनधनको क्षति र बाढी पहिरोको कारण नागरिकले भोग्नुपरेको कठिनाई, उद्धार, राहत, सुरक्षा र पुनःस्थानपनालगायत विषयमा अबिलम्ब काम गर्न सरकारको ध्यानाकर्षण गरिएको छ ।

बाढी पहिरो वढी प्रभावित प्रदेशका प्रदेश सरकारलाई उद्धार, राहत र पुनःस्थानपनाका सन्दर्भमा थप क्रियाशील बनाउन कांग्रेस प्रदेश कार्यसमितिको तर्फबाट ध्यानाकर्षण गराइएको छ । यसका लागि पार्टी केन्द्रले, प्रदेश कार्यसमितिसँग आवश्यक समन्वय र सहजीकरण गर्ने निर्णय गरेको छ ।

बाढी र पहिरोबाट पीडित परिवारको सुरक्षा

पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# अभिमुखीकरणको आइरिस प्रणाली पहिलो गाँसमै ढुंगा
## अब दशैंपछि मात्र लागू गरिने

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ असोज

वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारीमा जानुपूर्व दिइने अभिमुखीकरण तालिमका लागि 'फेसटाइम एटेन्डेन्स एण्ड आइरिस रिकोग्नेसन' प्रणाली दशैंपछि मात्रै लागू गर्ने भएको छ । लामो तयारी गरिएपनि उक्त प्रणाली शुरुवात गरेकै दिन बिग्रिएको छ ।

विभागले लामो तयारीपछि पूर्वप्रस्थान तालिमअन्तर्गत उक्त सिस्टम लागू गर्ने सार्वजनिक गरेको थियो । तर मंगलबार बिहान विभागमा गरिएको नमुना परीक्षणमा नै प्रणालीले काम नगरेपछि विभागले थप तयारी गरेर असोज २९ गतेदेखि लागू गरिने बताएको छ ।

विभागका महानिर्देशक सूर्यबहादुर खत्रीले प्रणालीमा सामान्य प्राविधिक समस्या आएको र

पृष्ठ २ मा

### साउदीबाट तलब नपाइ फर्किएका चार कामदारलाई सम्पर्क गर्न आग्रह

**अन्जान गुभाजु/मध्यान्ह**
जेद्दा, साउदी, १५ असोज

साउदी अरेबियाको जेद्दास्थित नेपाली महावाणिज्यदूतावासले चार जना नेपाली कामदारको तलबवापतको ९ लाख रूपैयाँभन्दा बढी रकम संकलन गरिदिएको छ । साउदी अरेबियाको स्लेह सान अल सलमा एण्ड प्रिन्टर्स कम्पनीमा काम गरेका चार जना नेपाली कामदारको २६ हजार साउदी रियालभन्दा बढी रकम संकलन गरिदिएको जेद्दास्थित महावाणिज्यदूतावासले जनाएको छ ।

साउदी अरेबियामा कार्यरत रहँदा तलब र सुविधा

पृष्ठ २ मा

### क्रोएसिया जान लागेका १५ बंगलादेशी काठमाडौंमा पक्राउ

**काठमाडौं/मस-** त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट वैदेशिक रोजगारीका लागि क्रोएसिया जाने प्रयासमा रहेका १५ बंगलादेशी पक्राउ परेका छन् । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले उनीहरुलाई ठमेल र सोह्रखुट्टेबाट पक्राउ गरेको बताएको छ । बंगलादेशीहरू एजेन्टमार्फत भारतबाट भिसा लिएर

पृष्ठ २ मा

# संवादमा सर्वोच्च र नेपाल बार

विरोधबीच न्यायपरिषद्ले सर्वोच्च अदालतमा न्यायाधीश सिफारिस गरेपछि सर्वोच्च अदालत र नेपाल बार एशोसिएशन आमने-सामने भएका थिए । त्यसपछि आक्रोशित हुँदै दिएको अभिव्यक्तिलाई लिएर बार अध्यक्षमाथि अवहेलनाको मुद्दा र संवाद सर्वोच्च अदालतले एकसाथ अगाडि बढाएको छ ।





**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १५ असोज ।

सर्वोच्च अदालतका लागि न्यायाधीश सिफारिस गरिएको विषयलाई लिएर सर्वोच्च अदालत र नेपाल बार एशोसिएशन आमने-सामने भएका छन् । तर यसलाई मथ्थर पार्ने प्रयासमा दुवै पक्षले आक्रम हुने र संवाद गर्ने दुवै प्रयास अगाडि बढाएका छन् ।

विरोधकाबीच न्याय परिषद्ले सर्वोच्च अदालतमा न्यायाधीश सिफारिस गरेपछि सर्वोच्च अदालत र नेपाल बार एशोसिएशन आमने-सामने भएका हुन् । त्यसपछि आक्रोशित हुँदै दिएको अभिव्यक्तिलाई लिएर बार अध्यक्ष गोपालकृष्ण घिमिरेमाथि अपहेलनाको मुद्दा र नेपाल बारसँग संवाद सर्वोच्च अदालतले एकसाथ अगाडि बढाएको छ ।

गत शुक्रबार बारको विरोधका बाबजुद न्याय परिषद्ले सर्वोच्चको न्यायाधीशमा मुख्यन्यायाधीशहरु नृपध्वज निरौला र नित्यानन्द पाण्डेलाई सिफारिस गरेको थियो । दुवै प्रस्तावित

पृष्ठ २ मा

Vacancy Announcement
We Are Seeking For Following Qualified Candidates:
Documentation Officer - 2 (Female)
Public Relation Officer (PRO) - 2 (Male/Female)
Receptionist - 1 (Female)
SALARY Negotiable
Requirements:
Educational qualification +2 pass.
Should know nepali typing, well speaking english.
Photoshop, Minimum 2 years experience in the recruitment field.
Send your cv on office mail
pnpnepaloffice@gmail.com
श्रम इजाजत नं. ८००/०६५/०६६
Prudential Overseas Pvt.Ltd.
Sinamangal, Kathmandu, Nepal.
Mob.: 9802002032

मध्यान्ह
www.madhyanhadaily.com
१६ असोज २०८१, बुधबार
2 October 2024, Wednesday

# ‘विपद्‌पछिको खोज, उद्धार र राहत वितरणको काम प्रभावकारी हुन सकेन’

**काठमाडौं/मस–** सांसदहरूले विपद् प्रतिकार्यमा किन कमजोरी भयो भनी सरकारसँग प्रश्न गरेका छन् ।

राज्यव्यवस्था समितिको मंगलबारको बैठकमा उनीहरूले विपद्‌पछिको खोज, उद्धार र राहत वितरणको काम प्रभावकारी हुन नसकेको उल्लेख बताए ।



बाढीपहिरोका कारण अवरुद्ध राजमार्ग तत्काल सञ्चालन गर्न नसक्दा अझै पनि नागरिकहरू सडकमा अलपत्र परेका जनाउँदै उनीहरूले अलपत्र नागरिकलाई यथाशीघ्र उद्धार गरी गन्तव्यमा पुर्‍याउन सरकारले ध्यान केन्द्रित गर्नुपर्नेमा जोड दिए ।

सांसद रवि लामिछानेले विपद्‌का समयमा अनवरत खट्नुपर्ने जिम्मेवार पदाधिकारी नै मुलुक बाहिर हुँदा प्रतिकार्यमा कमजोरी भएको सरकारले स्वीकार्नुपर्ने बताए । उनले भने,‘राष्ट्रिय आपत्कालका बेला जिम्मेवार पदाधिकारी नै गैरजिम्मेवार बने, जुन ढंगको तयारी हुनुपर्नेथ्यो, त्यसखालको तदारुकता देखिएन, झारा टार्ने काम भयो’, उनले भने, ‘स्रोत साधन र क्षमता सीमित छ, तर असिमित इच्छाशक्ति भएको भए धेरै क्षति न्यूनीकरण गर्न सकिन्थ्यो ।’

सांसद गगनकुमार थापाले राष्ट्रिय विपत्तिका बेला सबै सरकार, राजनीतिक दल र नागरिक एकताबद्ध हुनुपर्ने र जिम्मेवारी तहमा बसेका पदाधिकारीले आआफ्नो जिम्मेवारी पूरा गर्नुपर्नेमा जोड दिए ।

उनले भने,‘बैठक धेरै भए, कतिपय निर्णय ‘डुब्लिकेसन’ भएका छन्, अब धेरै बैठक बस्नु पर्दैन, भएका निर्णय कार्यान्वयन गर्ने हो ।’

सांसद चित्रबहादुर केसीले विपद्‌का समयमा वादविवाद नगरी राष्ट्र र जनताको पीडामा सिङ्गो मुलुक एकजुट हुनुपर्ने बताए । ‘सडकमार्ग अवरुद्ध छ, त्यही मौकामा प्लेनका व्यापारीले अस्वभाविक भाडा बढाएका छन्, सरकार भएको ठाउँमा यस्तो हुन्छ ?’, उनले प्रश्न गरे, ‘व्यापारीको तजबिजीमा मात्रै मुलुक चल्ने हो र ?’

सांसद रघुजी पन्तले विपद् प्रतिकार्यलाई चुस्त बनाउन सरकारले आफ्नो क्षमता बढाउनुपर्ने धारणा राख्दै बाढीपहिरोले भत्काएका संरचना निर्माण गर्न अन्तर्राष्ट्रिय सहायता लिन ढिलाई गर्न हुने बताए ।

‘सडक बन्द भएको अवस्था छ, यही बेला हवाई भाडा वृद्धि भएको छ, आधारभूत संरचना ध्वस्त हुँदा त्यसको मर्मत गर्न अन्तर्राष्ट्रिय सहायता लिनु उचित हुन्छ’, उनले भने ।

सांसद राजेन्द्र पाण्डेले सम्भावित जोखिमलाई मध्यजनर गर्दै सरकारले ‘ट्राभल एडभइजारी’ जारी गरेको भए पनि राजमार्गमा किन निर्वाध यातायातका साधन चल्न दिएको भनी प्रश्न गरे ।

सांसद प्रकाश अधिकारीले एक साता अघिदेखि नै ठूलो पानी पर्ने पूर्वानुमान गरिएपनि नदी किनारामा रहेका नागरिकलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न किन ढिलाई गरेको भन्दै प्रश्न गरे ।

सांसद दीलेन्द्रप्रसाद बडुले ठूलो मनसुनी वर्षा हुने पूर्वानुमान र पूर्वचेतावनीकाबीच राजमार्गमा यातायात चल्न दिनु कमजोरी भएको बताए ।

सांसद सरिता प्रसाईंले पछिल्लो विपद्‌को सन्दर्भमा पूर्वानुमानका बारेमा पर्याप्त सूचना प्रवाह भए पनि पूर्वचेतावनी कार्यान्वयनमा सरकार चुकेको बताए ।

सांसद बुद्धिमान तामाङले बुधबारदेखि पुन: मौसम बद्‌ली हुने पूर्वानुमानले नागरिकलाई झन् त्रसित बनाएको जनाउँदै पूर्वतयारीमा कुनै कमजोरी नगर्न सरकारको ध्यानाकर्षण गराए । सांसद सर्वेन्द्रनाथ शुक्लाले विषमी मौसमी अवस्था आउँछ भनेर पूर्वानुमान गरिएको, सावधानीका लागि पूर्वाचेतावनी पनि जारी गरिएको अवस्थामा सरकारले पूर्वतयारीमा ठूलो कमजोरी गरेको आरोप लगाए ।

बैठकमा नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका वरिष्ठ उपाध्यक्ष पुण्यप्रसाद सिटौलाले बाढीपहिरोले सडक अवरुद्ध हुँदा सयौँ यातायात मजदूर राजमार्गमा अलपत्र परेको जनाउँदै उनीहरूलाई न्यूनतम आधारभूत सेवा दिनेतर्फ स्थानीय सरकारले प्रभावकारी काम गर्न नसकेको बताए ।

# मधेश प्रदेश प्रमुखसमक्ष प्रदेश लोकसेवा आयोगको पाँचौं वार्षिक प्रतिवेदन पेस



**धनुषा/मस–** मधेश प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीसमक्ष प्रदेश लोकसेवा आयोगले पाँचौं वार्षिक प्रतिवेदन पेस गरेको छ ।

मंगलबार प्रदेश प्रमुखको कार्यालयम आयोजित कार्यक्रममा आयोगका अध्यक्ष शिवराम यादवले आर्थिक वर्ष २०८०/२०८१ म सम्पन्न काम कारबाहीसहितको पाँचौं वार्षिक प्रतिवेदन पेस गरेका हुन् ।

प्रतिवेदन ग्रहण गर्दै प्रदेश प्रमुख भण्डारीले कर्मचारीको छनोट, बढुवासहितको कार्यमा प्रदेश लोकसेवा आयोगले खेलेको भूमिकाको प्रशंसा गरिन् । उनले आयोगले काम गर्दा सामना गर्नुपरेको कठिनाइ सम्बोधनका लागि सरकारको ध्यानाकर्षण गर्ने बताइन् ।

प्रतिवेदनमा स्थानीय तहको कर्मचारीसम्बन्धी ऐन बने पनि नियमावली नबन्दा कर्मचारीको पदपूर्तिसम्बन्धी काम अगाडि बढ्न नसकेकाले चाँडै नियमावली ल्याउनुपर्ने, आयोगले आह्वान गरेको विज्ञापनमा आवेदन दिनेको संख्या ५० दशमलव ७१ प्रतिशतले घटेको उल्लेख छ । आयोगले गत आवमा कूल एक सय ८९ पदमध्ये खुला तथा समावेशीतर्फ एक सय छ, अन्तरसेवातर्फ ११ र बढुवातर्फ ७२ पदका लागि विज्ञापन गरेको थियो । ती विज्ञापनमा प्रदेश निजामती सेवातर्फ महिला दुई हजार चार सय एक र पुरुष सात हजार नौ सय ३२ गरी १० हजार तीन सय ३३ जनाले आवेदन दिएका प्रतिवेदनमा उल्लेख गरिएको छ ।

आयोगकाअनुसार विज्ञापनमा एउटा पदका लागि औसतमा ८८ जनाले दर्खास्त भरेका थिए । जिल्लागत रूपमा धनुषाबाट सबैभन्दा बढी १ दशमलव ४७ प्रतिशतले दर्खास्त भरेका थिए । दर्खास्त दिनेमध्ये ७३ दशमलव ९३ प्रतिशत बेरोजगार रहेकासमेत आयोगले जनाएको छ ।

आयोगले आव २०७९/८० र २०८०/८१ को गरी दुई सय २२ पदका लागि लिखित परीक्षा सञ्चालन गरेको थियो । आव २०७७/७८, २०७८/७९ र २०७९/८० सम्म एक सय ४९ पदका लागि एक सय ४६ जना उम्मेदवार सिफारिस गरेको जनाइएको छ ।

जसमा स्वास्थ्य सेवातर्फ ४२, प्रशासन सेवातर्फ ३२, कृषि सेवातर्फ २६, वन सेवातर्फ २०, इञ्जिनियरिङतर्फ १३, शिक्षा सेवातर्फ ११, तथ्यांक सेवातर्फ एक र विविध सेवातर्फ एक जना रहेका विवरणमा उल्लेख छ । आव २०८०/८१ मा आह्वान गरेका विज्ञापनका पदमा सिफारिस हुन बाँकी रहेको आयोगले जनाएको छ ।

# राहत, उद्धार र पुन:स्थापनामा हातेमालो गर्न मञ्चको अपिल

**काठमाडौं/मस–** नेपाली साझा मञ्च साउदी अरेबियाले नेपालमा पछिल्लो समय अविरल वर्षापछि आएको बाढी पहिरो र डुबानले पुर्‍याएको क्षतिप्रति दुःख व्यक्त गरेको छ ।

मञ्चका अध्यक्ष अन्जान गुभाजु र महासचिव राजु केसी एक अपिल जारी गर्दै भनेका छन्, ‘यस प्राकृतिक विपत्तिमा ज्यान गुमाउनेहरुप्रति श्रद्धाञ्जली अर्पण गर्दै, शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछौं । साथै, घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं ।’

वर्षाका कारण देशका प्रमुख सडकहरू, पुलहरु, र राजमार्गहरु बन्द हुँदा यातायातमा ठूलो अवरोध सिर्जना भएको भएको र भौतिक संरचनाहरूमा ठूलो क्षति पुगेको छ भने, प्रभावित नागरिकको निजी सम्पत्ति पनि ध्वस्त भएको छ । विशेषगरी, किसानहरूको तयारी बाली नष्ट हुनु अत्यन्त पीडादायी भएको छ । यस असामान्य वर्षा, बाढी, पहिरो र डुबानले सम्पूर्ण जनजीवन अस्तव्यस्त र त्रसित बनेको छ ।

यस संकटमा मञ्चले नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउँदै, ज्यान गुमाएका व्यक्तिहरुका परिवारलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन, संकटमा परेका नागरिकहरूको उद्धार र पुन:स्थापना गर्न, तथा घाइतेहरूको निःशुल्क उपचारको व्यवस्थाका लागि गर्न आग्रह गरेको छ । साथै, क्षतिग्रस्त भौतिक संरचनाको छिटो पुन:निर्माणमा सरकारको प्रभावकारी पहल आवश्यक रहेको मञ्चले जनाएको छ ।

मञ्चले भनेको छ, ‘यो विपत्तिको घडीमा विदेशमा कार्यरत हामी सबैको भूमिका महत्वपूर्ण छ । यस कठिन समयमा हामी सरकार, स्थानीय समुदाय, र सम्पूर्ण नेपाली नागरिकको साथमा छौं । राहत, उद्धार, र पुन:स्थापनामा हातेमालो गर्न, देश र विदेशमा रहेका सबै नेपालीलाई सहकार्य र सहयोगका लागि अपिल गर्दछौं ।’

# नदी कटानबाट पीडित हर्दौनावासीलाई यूएई सरकारको राहत सामग्री




**कपिलवस्तु/मस–** यूएई सरकारले बाढी, पहिरो र डुबान प्रभावित हर्दौनावासीलाई राहत उपलब्ध गराएको छ । नेपालका लागि यूएईका राजदूत अब्दुल्ला अल शम्सीले यूएई सरकारको तर्फबाट खाद्यान्न सामग्री राहत वितरण गरेका हुन् ।

नेकपा एमालेका केन्द्रीय सल्लाहकार तथा पूर्वमन्त्री समेत रहेका अकबाल अहमद शाहले दूतावासका राजदूत अब्दुल्ला अल शम्सी लगायत सम्बन्धित निकायसँगको समन्वयमा राहत वितरण गरिएको बताए । उनको अथक प्रयासले कपिलवस्तुको महाराजगञ्ज नगरपालिका- १० हर्दौना गाउँका नदी कटान र बाढी प्रभावित ३८ घर-परिवारलाई दुबई इमेरात रेड क्रिसेंटकोतर्फबाट राहत सामग्री वितरण गरिएको हो ।

यूएई सरकारले नेपालमा प्राकृतिक विपत्तिको समय वा अन्य समयमा समेत सहयोग गर्दै आएको छ । विपत्तिका बखत नेपाली जनतालाई यूएई सरकारले साथ र सहयोग गर्दै आएको छ । यूएई सरकार र नेपाल सरकारको मित्रता सदैव कायम रहोस् भन्ने कामनाका साथ यूएईका राजा शैख मोहम्मद बिन राशिद अलमकतुम तथा राजदूत अब्दुल्ला अल शम्सीलाई पूर्व मन्त्री अकबाल अहमद शाहले धन्यवाद व्यक्त गरे । कपिलवस्तुका नदी कटान तथा बाढी प्रभावित क्षेत्रमा थप राहत वितरण हुने पूर्वमन्त्री शाहले प्रतिबद्धता समेत जनाए ।

महाराजगञ्ज नगरपालिका-१० हर्दौनामा राहत वितरण कार्यको प्रशंसा गर्दै स्थानीय समाजसेवी माबुद खाँ तथा मेयर पद प्रत्याशी रामदास चौधरीले हर्दौना गाउँका नदी कटान रोक्नका लागि छिट्टै पहल गर्नुपर्नेमा जोड दिए । उनले समयमै ठोस पहल नभए पुरै गाउँ नै नदी कटानको उच्च जोखिममा रहेको बताए । राहत वितरणले पीडितलाई ठूलो सहयोग भएको भन्दै उनले प्रशंसा समेत गरे । पूर्वमन्त्री शाहको प्रयासमा यूएई सरकारले गरेको राहत वितरणले पीडित परिवारहरुलाई निकै सहयोग पुगेको भन्दै धन्यवाद समेत व्यक्त गरे ।

# हेलिकप्टरबाट पाँचथरका दुई सुत्केरीको उद्धार



**पाचथर/मस–** पाँचथर जिल्लाका दुई जना सुत्केरी व्यथा लागेका महिलाहरूलाई हेलिकप्टरबाट उद्धार गरी काठमाडौं लगिएको छ । पाँचथरको फालेलुङ गाउँपालिका-३ मा सुत्केरी व्यथा लागेका दुई जनाको हेलिकप्टरबाट उद्धार गरी काठमाडौंस्थित प्रसूति गृह लगिएको हो ।

सुत्केरी व्यथा लागेका फालेलुङ-३ की १८ वर्षीया भूमिका पन्त चौहान र ३० वर्षीया सुजा जबेगुलाई नेपाली सेनाको हेलिकप्टरबाट उद्धार गरी काठमाडौं लगिएको हो ।

अविरल वर्षासँगै आएको बाढीपहिरोका कारण ग्रामीण सडकहरूमा क्षति हुनुका साथै मोटरेबल पुलसमेत बढीले बगाएकाले सवारी साधनमार्फत सुविधा सम्पन्न अस्पताल लैजान सम्भव नभएपछि उनीहरूलाई हेलिकप्टरबाट उद्धार गरिएको हो ।

फालेलुङ गाउँपालिकाको केन्द्र थोकेपुङबाट दिउँसो साढे २ बजे नेपाली सेनाको हेलिकप्टरमार्फत उनीहरुको उद्धार गरिएको फालेलुङ गाउँपालिका स्वास्थ्य शाखा प्रमुख सुरज कुमार पासवानले बताए ।

उनीहरु दुबै जनामा स्वास्थ्य समस्या देखिएको र स्थानीय बर्थिङ सेन्टरमा प्रसूति गराउन असम्भव देखिएपछि जिल्ला प्रशासन कार्यालय पाँचथरसँग समन्वय गरी उद्धार गरिएको हो ।

## प्रधानमन्त्रीको...

लापरबाही त कसरी भयो होला र !’ ४ हजार बढी मानिसको उद्दार गरेको भन्दै उनले सुरक्षाकर्मीहरुलाई धन्यवाद दिनुपर्ने बताए ।

साथै अहिले कमी कमजोर देखाउनेभन्दा राहत तथा पुनर्निर्माणमा जुट्ने बेला भएको प्रधानमन्त्री बताए । ‘यो बेला भनेको जनताले भोगिरहेको पीडामा उद्धार, राहत सहयोग र पुनर्निर्माणका कामहरु गर्ने हो’, उनले भने, ‘यो साझा राष्ट्रिय पीडा हो । एक भएर साझा विपत्तिको सामना गर्नुपर्छ ।’

साथै, सरकारले विपद् व्यवस्थापनको कार्यक्रम पनि ल्याएको छ । मुख्य सचिव एकनारायण अर्यालका अनुसार खानेपानी, सडक, ऊर्जा तथा सिँचाई र पशुपक्षी गरेर १७ अर्ब रुपैयाँको क्षति भएको प्रारम्भिक अनुमान छ । साथै कृषि बाली भएको क्षतिबारे एक महिनाभित्र लगत निकाल्ने तयारी छ ।

खोज तथा उद्दार कार्य २ दिनभित्र सक्ने र राहतलाई एकद्वार प्रणालीमार्फत वितरण गर्ने सरकारको योजना छ ।

घरबारबिहीन भएकाहरुलाई सरकारले तोकेको स्थानमा अस्थायी आवास बनाउन दिइने कार्ययोजना छ । अवरुद्ध भएका राजमार्गहरुलाई तत्काल अस्थायी रुपमा सञ्चालन गर्ने योजनाका साथ काम भइरहेको छ ।

## उद्धार...

गर्न, तत्काल राहत उपलब्ध गराउन र अस्थायी आवास निर्माण एवं पुन:स्थापना लगायतका कार्य प्रभावकारी ढंगले गर्न कांग्रेसको तर्फबाट निर्वाचित स्थानीय सरकारलाई क्रियाशील बनाउने निर्णय भएर कार्यान्वयनमा लगिएको कांग्रेस नेताहरू बताउँछन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का नेताहरू स्वतस्फुर्त रुपमा बाढी पहिरो प्रभावित क्षेत्रमा खटिएका छन् । अन्य राजनीतिक दल, नागरिक समाज र अन्य संघ संस्थाका प्रतिनिधिहरू समेत उद्धारमा खटिएका छन् ।

## अभिमुखीकरणको ...

व्यवसायीहरूको अनुरोधमा समय थप गरिएको बताएका छन् । विभागले प्रशिक्षार्थीको औंठाछाप हाजिरी लिँदा अनियमितता भएको भन्दै आँखाको रेटिना अध्ययन गर्ने आइरिस प्रणाली प्रयोगमा ल्याउन लागिएको बताएको छ । अभिमुखीकरण तालिम व्यवसायीहरूले भने नयाँ प्रविधि जडानका नाममा व्यवसायीमाथि भार बढाएको र काम गर्न अवरोध सिर्जना गरेको बताएका छन् ।

नेपाल वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघका अध्यक्ष राजाराम गौतमले मन्त्रालयले कार्यविधि जारी गरेपछि व्यवसायीले ९ महिनाअघि नै सिस्टम जडान गरिसकेको दाबी गरे । उनले १ सय ४३ व्यवसायीले झण्डै १३ करोड खर्च गरेर पूर्वाधार निर्माण गरेको भन्दै आफ्नो कमजोरी लुकाउन व्यवसायीमाथि अनावश्यक आरोप लगाएको बताए ।

अध्यक्ष गौतमले व्यवसायीले अन्य उपकरणसहित दुई लाख ४० हजार रुपैयाँभन्दा बढी मूल्य पर्ने आइरिस स्क्यानर राखेको भन्दै विभागको न्यून गुणस्तरको सफ्टवेयरले काम नगरेको दाबी गरे ।

## साउदीबाट ...

नपाइ नेपाल फर्किएका बसुदेव चौधरीको ६ हजार ३ सय ८४, शिव यादवको ६ हजार ३ सय ८३, रविन्द्रलाल मण्डलको ६ हजार ३ सय ८३ र बासुदेव यादवको ७ हजार २ सय रियाल संकलन गरिदिएको हो ।

महावाणिज्यदूतावासले प्रभावित श्रमिकका परिवारलाई रकम भुक्तानी लिन आवश्यक कागजातसहित दूतावासमा सम्पर्क गर्न अनुरोध गरेको छ । महावाणिज्यदूतावासले बाँकी तलब र भत्ताजस्ता सुविधा प्राप्त नगरेको भन्दै उनीहरूको समस्यालाई समाधान गर्न पहल गरेको जनाएको छ ।

## क्रोएसिया..

क्रोएसिया जाने गरेको तथ्य खुलेको प्रहरीले बताएको छ । प्रहरीको बयानमा उनीहरुले नेपालको बाटो भएर यूएई हुँदै क्रोएसिया जान नेपाल आएको बताएका छन् ।

काठमाडौं उपत्यका प्रहरी कार्यालयका प्रवक्ता एसपी काजीकुमार आचार्यका अनुसार उनीहरु ओभरस्टे लगायत आरोपमा पत्राउ परेका हुन् । पछिल्लो पटक बंगलादेशमा शेख हसिनाको सत्ता ढलेपछि बंगलादेशीलाई भारत प्रवेशमा कडाइ गरिएका कारणले उनीहरूले सजिलो बाटो खोज्दै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थललाई ट्रान्जिट बनाएका हुन् । यसका लागि उनीहरूले त्रिभुवन अन्तर ाष्ट्रिय विमानस्थल प्रयोग गर्न एजेन्टलाई ठूलो रकम खर्च गरेको अनुसन्धानमा देखिएको प्रहरीले बताएको छ ।

## संवादमा...

न्यायाधीशउपर संसदीय सुनुवाइको प्रक्रिया अगाडि बढेको छ । मंगलबार संसदीय सुनुवाइ समितिले दुवै प्रस्तावित न्यायाधीशउपर १० दिने उजुरी आह्वान गरेको छ । तर, विरोधका बाबजुत सर्वोच्च अदालतमा दुई जना न्यायाधीश सिफारिस भएपछि बार अध्यक्ष घिमिरले प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठविरुद्ध चर्को अभिव्यक्ति दिएका थिए ।

न्याय परिषद नियावली संशोधनका विषयमा उठेको विवाद निरुपण नगरी परिषदले एकलौटी रुपमा न्यायाधीश सिफारिस गर्नु आपत्ति जनक भएको र त्यसमा परिषद अध्यक्ष समेत रहेका प्रधानन्यायाधीश श्रेष्ठको अनुचित स्वार्थ रहेको आरोप घिमिरेले लगाएका थिए ।यही विषयलाई लिएर घिमिरेविरुद्ध अदालतको अपहेलना मुद्दा अगाडि बढाइएको हो ।

न्यायाधीश सिफारिस उपर टिप्पणी गर्दै बार अध्यक्ष घिमिरेले भनेका थिए, ‘अहिलेको बार गैरसंवैधानिक काममा कम्प्रमाइज गर्दैन । गैरन्यायिक काममा कम्प्रमाइज गर्दैन । आज मैले जति बोलेको छु नि प्रधानन्यायाधीशको खिलाफमा । सक्नुहुन्छ भने प्रधानन्यायाधीशज्यू, मलाई थुन्न मिल्छ तपाईंले थुन्नुस् । मलाई थुनेर तपाईंले गरेको गैरन्यायिक र गैरसंवैधानिक काम संवैधानिक हुन्छ भने थुन्नुस् । मेरो चुनौती हो । मैले त तपाईंलाई लेनदेनको आधारमा न्यायाधीश नियुक्ति गर्नुभयो भनेर भनिसकेँ । मैले त तपाईंलाई यो आफूले लिएको हिसाबकिताब मिलानका लागि न्यायाधीश नियुक्ति गर्नुभयो भनेर भनिसकेँ । सक्नुहुन्छ थुन्न भने थुन्नुस् ।’ घिमिरेको यो अभिव्यक्तिले अदालतको अवहेलना गरेको भन्दै सोमबार उपरजिष्ट्रार गोविन्दप्रसाद घिमिरेको प्रतिवेदनका आधारमा सर्वोच्च प्रशासनले अवहेलना मुद्दा दर्ता गरेको थियो । उक्त मुद्दाको सुनुवाई मंगलबार गर्ने भनिए पनि सारिएको छ । मंगलबार पेशी नै राखिएन ।

बिचको बाटोबाट समाधान निकाल्न प्रयास गरिरहेकाहरू अनौपचारिक रुपमा भएको संवादमा दुवै पक्ष एक कदम पछि हट्न तयार भएका छन् । यसकारण मंगलबार अवहेलना मुद्दा नराखिएको हो । अब यसको पेशी दसैँपछि कात्तिक एक गतेका लागि तोकिएको छ ।

नेपाल बारकी महासचिव अञ्जिता खनालका अनुसार विवादलाई समझदारीका आधारमा सम्बोधन गर्ने वातावरण बने आफूहरु संवादका लागि तयार रहेको बताउँछिन् ।

यही असोज २० गते प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले अवकास पाउँदैछन् । त्यसपछि प्रकाशमान सिंह राउत प्रधानन्यायाधीश हुँदै छन् । प्रस्तावित प्रधानन्यायाधीश राउतको संसदीय सुनुवाइ पनि अगाडि बढेको छ । प्रधानन्यायाधीश फेरिएपछि परिस्थिति थप बदिलने भएकाले पनि दुवै पक्षको समझदारीमा पेशी कात्तिक एक गतेका लागि तय भएको बताइन्छ ।

# दशैंअघि तलब भत्ता नपाए आन्दोलनमा उत्रिने पशुपतिका कर्मचारीहरूको चेतावनी

**लेखनाथ सिकारू/मध्यान्ह**
काठमाडौं, १५ असोज




पशुपति क्षेत्र विकास कोषमा अस्थायी करार र ज्यालादारीमा कार्यरत एक सय बढी श्रमिकहरूले आफूहरूले खाइपाइ आएको तलबभत्ता दशैं अघि नदिए आन्दोलन गर्ने चेतावनी दिएका छन् ।

कोषमा कार्यरत स्थायी र मन्त्रालयबाट साउन १ गते पछि सिधैं नियुक्ति भएका कर्मचारी बाहेकका वर्षौंदेखि कार्यरत अस्थायी, करार तथा ज्यालादारीमा कार्यरत एक सय बढी श्रमिकको ८१ साउनदेखि तलब भत्ता रोकेको भन्दै अस्थायी कर्मचारीहरूले श्रमिकलाई कोषले आर्थिक नाकाबन्दी गरेको आरोप समेत लगाएका छन् ।

चालु आर्थिक वर्ष लागेसँगै तल्लो तहका एक सयभन्दा बढी कर्मचारीले तलब नपाएका हुन् । तर, माथिल्लो तह र प्रशासनमा काम गर्ने कर्मचारीले भने तलब खाइरहेको सूचना आफहरुलाई आएको एकृत ट्रेड युनियनका सचिव रवि केसीले जानकारी दिए । दशैं अघि आफूले खाइपाइ आएको तलव भत्ता नपाए मजदुरहरूले यही असोज १८ गते शुक्रबार बिहान ११ बजेसम्म तलब भत्ता नदिए शुक्रबार मध्याह्न १२ बजे देखि कोषमा आन्दोलन शुरु गर्ने बताएका छन् ।

मजदुर नेता रवि केसी पशुपतिका अस्थायी करार र ज्यालादारीमा कार्यरत कर्मचारीको तलब भत्ता रोकेर कोषले कर्मचारीप्रति श्रमशोषण गरेको भन्दै उनीहरूको आन्दोलनमा आफूहरूको पनि ऐक्यवद्धता रहने बताए । नेता केसीले कोषले पटक-पटक यसरी अस्थायी करार र ज्यालादारीका कर्मचारी प्रति गरेको व्यवहार प्रति दुःख प्रकट गरे । साउनदेखि तलब नपाउँदा आफूहरू निकै ठूलो संकटमा परेको एक कर्मचारीले बताए । उनले भने 'दशैं पनि भित्रियो पारिश्रमिक नआउने हो कि भन्ने चिन्ताले सताएको छ' उनले भने ।

गत साउनदेखि नै सुरक्षाकर्मीदेखि सरसफाइमा काम गर्ने एक सयभन्दा बढी कर्मचारीले तलब पाएका छैनन्, तर साउन १ गतेबाट हाजिर भएका अधिकृत तहका कर्मचारीले भने पारिश्रमिक पाइरहेको उनको दाबी छ ।

तलब माग्दा परिषद् बैठकले निर्णय नगरेको र बैठकमै पारिश्रमिक निकासाका लागि एजेण्डा नै नउठेको भन्दै माथिल्लो तहका कर्मचारीले तल्लो तहका कर्मचारीलाई टार्दै आएको आफूलाई गुनासो आएको एकीकृत ट्रेड युनियनका सचिव केसीले बताए । पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्को बैठक बसेर उनीहरूलाई तलब निकासा गर्नुपर्नेमा कोषले बेवास्ता गर्दै आएको उनले आरोप लगाए । 'एक दुई दिनमै परिषद् बैठक बसेर उहाँहरूको तलब दिन्छौँ । काम गरेपछि तलब नदिने भन्ने कुरै भएन' कोषका प्रवक्ता रेवतीरमण अधिकारीले भने । उनले दशैंअघि नै सबै कर्मचारीले तलब पाउने बताए ।

# उच्चस्तरीय तयारीका साथ कार्यक्षमताको विकास गर्न प्रधानसेनापतिको निर्देशन



**काठमाडौं/मस-** प्रधानसेनापति अशोकराज सिग्देलले विभागीय प्रमुख र पृतनापतिसहितका सबै तहका कमाण्डरलाईउच्चस्तरीयतयारीकासाथ कार्यक्षमताको विकास गर्न निर्देशन दिएका छन् । पृतनापति समन्वयात्मक बैठक समापन कार्यक्रममा उनले सकलदर्जामा सामूहिक भावना र एकढिक्कापन अभिवृद्धि गर्न जोड दिए ।

यसअघि बैठकमा पृतनापतिहरूले आआफ्नो जिम्मेवारी क्षेत्रको वस्तुस्थिति, सम्पादन गरेका कार्यको समीक्षा एवं सुझाव प्रस्तुत गर्नुभएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ । बैठकमा वर्तमान सुरक्षा परिस्थितिको विश्लेषण, कार्य सञ्चालन अवस्था, नेपाली सेनाको भिजन-२०३० कार्यान्वयनको अवस्था, सञ्चालित तालिमको प्रभावकारितालगायत विषयमा छलफल भएको पनि निर्देशनालयले जनाएको छ । सेनाले वर्षको दुई पटक पृतनापति समन्वयात्मक बैठक सञ्चालन गर्दै आएको छ ।

बाढी र पहिरो प्रभावित क्षेत्रमा सेनाको खोज र उद्धार

नेपाली सेनाले अविरल वर्षापछि आएको बाढीबाट प्रभावित जिल्लाका एक सय ९४ स्थानबाट अन्य सुरक्षा निकायसँगको सहयोग, समन्वय र सहकार्यमा नौ सय ८९ जनाको सकुशल उद्धार गरेको छ ।

सेनाले काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा, सिन्धुली, रामेछाप, मकवानपुर, धादिङ, नुवाकोट, चितवन, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), प्युठान, पाल्पा, तनहुँ, बारा, रौतहट, सुनसरी, धनकुटा, तेह्रथुम, पाँचथर, उदयपुर र झापालगायत जिल्लामा खोज तथा उद्धार गरेको जनाएको छ ।

सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयका अनुसार, यसअवधिमा करिब चार हजार जनालाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ । त्यसक्रममा ९६ वटा शव फेलापारी आवश्यक व्यवस्थापन गरेको छ । सेनाले हेलिकप्टरमार्फत सात सय ५१ जनाको उद्धार गरिएको तथा १४ वटा शव सम्बन्धित स्थानमा पुऱ्याइएको जानकारी दिएको छ ।

हवाई साधनमार्फत सेनाले सात हजार ५३ केजी राहत सामग्री र एक हजार चार सय ५० लिटर डिजेल ढुवानी गरेको पनि निर्देशनालयले जनाएको छ ।

बाढी, पहिरो प्रभावित विभिन्न स्थानमा स्थानीयस्तरमा रहेका स्वास्थ्यकर्मी तथा केन्द्रीयस्तरबाट स्वास्थ्यकर्मी खटाइ प्राथमिक स्वास्थ्य उपचार प्रदान गरेको छ ।

# दाउन्नेमा 'टावर' ढल्दा सिमेन्ट उत्पादनमा समस्या





**काठमाडौं/मस-** अविरल वर्षाका कारण सडक भासिएपछि बर्दघाट-सर्दी १३२ केभी डबल सर्किट प्रसारण लाइनको टावर ढलेको छ । पूर्व पश्चिम राजमार्गअन्तर्गत नवलपरासी (बर्दघाट सुस्तापश्चिम)को बर्दघाट नगरपालिका-५ दाउन्नेस्थित खुर्सानीखोलामा सडक भासिएपछि त्यस भन्दामाथि डाँडामा रहेको प्रसारणलाइनको टावर ढलेको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ ।

टावर ढलेपछि चिनियाँ र नेपाली लगानीकर्ताको साझेदारीमा नवलपरासी (बर्दघाट सुस्तापूर्व)को विनयी त्रिवेणी गाउँपालिकास्थित सर्दीमा सञ्चालित होङ्शी शिवम् सिमेन्टको विद्युत् आपूर्ति सोमबार साँझदेखि बन्द भएको छ । होङ्शीले १३२ केभी प्रसारण लाइनबाट सोझै सेवा लिइरहेको थियो । उद्योगले ३१ मेगावाटको विद्युतभार (लोड) स्वीकृत पाएको छ । त्यसमध्ये हाल दैनिक रुपमा १० मेगावाटलोड लिइरहेको प्राधिकरणको कावासोती वितरण केन्द्रले जनाएको छ ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सिमन्ट उद्योगसँग विद्युत् पुऱ्याउने घोषणा अनुसार होङ्शीलाई विद्युत् आपूर्तिका लागि बर्दघाट-सर्दी १३२ केभी २० किलोमिटर डबल सर्किट प्रसारण लाइन निर्माण गरिएको थियो । डबल सर्किटमध्ये एउटा सर्किट मात्र सञ्चालन (चार्ज) मा थियो । उद्योगलाई वैकल्पिक व्यवस्था गरी विद्युत् आपूर्ति दिने तयारी भइरहेको प्राधिकरण बुटवल ग्रीड महाशाखाले जनाएको छ । मन्थलीमा विद्युत् आपूर्ति सञ्चालन रामेछाप सदरमुकाम मन्थलीमा शनिबारदेखि अवरुद्ध रहेको विद्युत् सेवा सञ्चालन भएको भएको छ ।

शनिबार आएको बाढी, पहिरोले ढल्केवर र लामोसाँघुबाट ल्याएको विद्युत्को दुवैतिरको खम्बा ठाउँठाउँमा बगाएको, तार चुँडिएकाले शनिबारदेखि सदरमुकाम मन्थली र मन्थली सवस्टेशनबाट वितरण गरिएको जिल्लाका विभिन्न क्षेत्रको विद्युत् सेवा अवरुद्ध भएको थियो । न्यू खिम्ती सवस्टेशनबाट मन्थली सवस्टेशनसम्म ३३ केभी प्रसारण लाइनको विद्युत् खम्बा करिब ५२ घण्टाको मर्मतपश्चात् सोमबार साँझदेखि सेवा सञ्चालनमा ल्याइएको नेपाल विद्युत् प्राधिकरण मन्थली मन्थली शाखाका प्रमुख दीपेन्द्र बुढाथोकीले जानकारी दिए । उनका अनुसार वैकल्पिक रुपमा जनकपुर ढल्केवर मन्थली जोडिएको लाइनको पनि मर्मत जारी रहेको छभने मन्थली सवस्टेशनबाट जिल्लाका विभिन्न भागमा वितरण गरिएको ११ केभीको वितरण लाइन पनि सञ्चालनको प्रयास भइरहेको छ ।

विद्युत् सेवा अवरुद्ध भएपछि जिल्लामा टेलिफोन, इन्टरनेट र खानेपानी सेवासमेत अवरुद्ध भएको थियो । विद्युत् सेवा सञ्चालन गर्न प्राधिकरणका कर्मचारी, नेपाली सेना, प्रहरी, स्थानीय निकायका साथै रामेछापका 'सहयोगी मन'का सदस्यहरुले सहयोग गरेका स्थानीय समाजसेवी विपीन भट्टराईले जानकारी दिए ।

# जलवायु परिवर्तनका असर घटाउन प्रविधि हस्तान्तरणमा जोड



**काठमाडौं/मस-** कृषि तथा पशुपक्षी विकासमन्त्री रामनाथ अधिकारीले जलवायु परिवर्तनका कारण देशको कृषि क्षेत्रमा प्रभावित भएको बताएका छन् । साथै उनले जलवायु परिवर्तनका असर घटाउन प्रविधि हस्तान्तरणमा जोड दिएका छन् ।

अन्तर्राष्ट्रिय पर्वतीय विकास केन्द्र (इसिमोड)ले आयोजना गरेको अन्तरराष्ट्रिय सम्मेलनको उद्घाटन गर्दै मन्त्री अधिकारीले जलवायु परिवर्तनको सामनामा पर्वतीय खाद्य प्रणालीको दिगोपनलाई सम्बोधन गर्न सबै एकै ठाउँमा उभिनुपर्ने आवश्यकता औंल्याए ।

देशको पहाडी पारस्थितिक प्रणालीको समृद्ध विविधताले लाखौंको जीविकोपार्जनलाई सहयोग पुऱ्याएको चर्चा गर्दै मन्त्री अधिकारीले साना तथा सीमान्त किसानले राष्ट्रिय खाद्य सुरक्षाको लागि महत्वपूर्ण योगदान गरेको बताए । नेपालका विविध कृषि-जलवायु क्षेत्र, समृद्ध पारिस्थितिक क्षेत्र र कृषि जैविक विविधताले खाद्य र पोषण सुरक्षा, कृषि उत्पादकत्व वृद्धि र ग्रामीण जीवनस्तरमा सुधार ल्याउन अपार सम्भावना प्रदान गरे पनि दबाबपूर्ण चुनौतीको सामना गर्नुपरिरहेको मन्त्री अधिकारीले उल्लेख गरे ।

जलवायु परिवर्तनबाट परेको प्रभावको सामना गर्न सरकारले प्रकृतिमैत्री, सरल, दिगो समाधानका उपाय अपनाउन संकल्प गरेको भन्दै मन्त्री अधिकारीले कृषि प्रणालीमा प्रारम्भिक चेतावनी प्रणालीको विकास गरी कार्यान्वयन गर्न मन्त्रालय सक्रियतापूर्वक लागेको जानकारी दिए ।

# युवा उद्यमीलाई प्रोत्साहन गर्न मञ्च र एड्भरटाइजिङबीच सम्झौता



**इटहरी/मस -** युवा उद्यमीहरुको साझा संस्था नेपाल उद्योग परिसंघ युवा उद्यमी मञ्च कोशी प्रदेश र नयन एड्भरटाईजिङ प्रालिबीच सहकार्यको लागि सम्झौता भएको छ । मंगलबार नयन एड्भरटाइजिङ प्रालि इटहरीको युवाहरुलाई देशभित्रै रोजगारीको अवसर सिर्जना गर्न प्रोत्साहन गर्ने उद्देश्यले सो सम्झौता भएको हो ।

रोजगारीको अभावमा युवाहरु देश छाड्न बाध्य भएको अवस्थामा यो सम्झौताले भने युवाहरुलाई देशमै रोजगारीको अवसर सृजना गर्न प्रोत्साहन गर्ने विश्वास लिइएको छ । सक्रिय युवा उद्यमीलाई सञ्चारमाध्यममार्फत् प्रोत्साहन र हौसला प्रदान गर्ने नेपाल उद्योग परिसंघ युवा उद्यमी मञ्च कोशी प्रदेशका अध्यक्ष मुनम रिजालले बताए ।

'देशमा रोजगारी बढाउन, आर्थिक विकासका लागि युवा उद्यमीलाई प्रोत्साहन गर्नुपर्छ,' रिजालले भने, 'अहिलेको समयमा युवालाई प्रोत्साहन गर्ने महत्वपूर्ण माध्यम सञ्चारमाध्यम नै हो ।' उनले युवा उद्यमीलाई विदेश जान आवश्यक छैन भन्ने स्थापित गर्न सरकारी नीतिबाटै सहजीकरण र प्रोत्साहन गर्न सञ्चारमाध्यमबाट दबाब सिर्जना गर्नुपर्ने जनाए ।

सम्झौताअनुसार उद्योग परिसंघले युवा उद्यमीले गरेका उदाहरणीय कार्य, संघर्षका चरण, प्रगतिलगायतका भावी पुस्तालाई सन्देश हुने सकारात्मक सन्देश नयन एड्भरटाईजिङ प्रालिद्वारा सञ्चालन भएको प्रदेश खबर डटकममार्फत् प्रकाशन गरिने जनाइएको छ । एड्भरटाइजिङका अध्यक्ष तथा प्रदेश खबर डटकमका सम्पादक पवन अधिकारी र संस्थाका अध्यक्ष रिजालबीच उक्त सहमति पत्रमा हस्ताक्षर भएको छ ।

अधिकारीले युवा उद्यमीहरुलाई सञ्चारमार्फत् जोड्न पाउनु हर्षित भएको बताए । उनले देशमै सकारात्मक सोचसहित नयाँ र रचनात्मक काम गर्न चाहने युवाहरुलाई उक्त सम्झौता कोशेढुंगा साबित हुने दाबी गरेका छन् ।


**कुबेतमा रोजगार** | कम्पनी: AL-MAGED AL-AHLEA CO FOR GENERAL TRADING & CONTRACTING शहर: Kuwait
पुर्व स्वीकृत मिति: २०८१/०६/१५ चलानी नं.: ६०२२६१०४ LT. No.: 311596

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner Indoor | 50 | 0 | स. काममा दक्ष | 90 | ३९,४७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असोज २३ गते (9 October 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SRK ओभरसिज नेपाल प्रा. लि.** साबिकको नाम (SRK नेपाल प्रा. लि) Govt. Lic. No. 1156/073/074
सामाखुसी चोक टोखा १०, ज्ञान संसार स्कूलको अगाडी, फोन: ०१४९६३४०३, ०१४९५७६८३, ९८०१८९४४३३, ९८१८६५८०९८



**Invitation for Bid**

**Subhakalika Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Sukatiya, Kalikot**
**Karnali Province Nepal**
**First date of publication: 2081/06/16**

1. Subhakalika Rural Municipality Office, Sukatiya Kalikot invites electronic bid only from registered bidder for the Naineldev Basic School Building Construction Work as per following.

| S. N. | Contract Identification Number/Works Description | Bid Security Amount (NRs) | Estimated Amount With VAT and PS (NRs) | Bid Document Fees (NRs) | Pre Bid Meeting | Bid Submission Date | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1 | SRM/KKT/W/NCB/1/2081-2082/ Naineldev Basic School Building Construction Work | 3,00,000 | 1,09,00,566 | 3000 | 2081-07-6 at 8:00 AM | 2081-07-15 at 12:00 AM | 2081-07-15 at 13:00 PM |

2. Bidder chooses to submit their bid electronically may purchase the bidding documents download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
Name of Bank :- Agricultural Development Bank limited
Name of Office :- Subhakalika Rural Municipality
Office Code no :- 801066504
Rajaswo Account no :- 0725901535669050.
3. If bidder wishes to submit the Bid Security in the form of cash bidder has to deposit cash in Deposit Account no : 0725901535669042 Subhakalika Rural Municipality Office, Sukatiya, Kalikot and Name of Bank :- Agricultural Development Bank limited and submit bank deposit voucher along with the bid.

**Asst. Chief Administrative Officer**

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

१६ असोज २०८१, बुधबार
2 October 2024, Wednesday

## सम्पादकीय

# राष्ट्रिय सहमतिको खाँचो

बाढी पहिरो पीडितहरूको उद्धार, राहत र अस्थायी पुनर्स्थापनामा भइरहेको विलम्बप्रति आलोचनाप्रति आक्रोश पोखेका प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो अभिव्यक्ति सच्याएका छन् । सोमबार अमेरिकाबाट फर्कने क्रममा प्रधानमन्त्री ओलीले उद्धार कार्यलाई लिएर विरोधका लागि मात्रै विरोध गरिएको टिप्पणी गरेका थिए । तर मंगलबार पत्रकार सम्मेलन गरेर प्रधानमन्त्री ओलीले आवश्यक तयारी हुन नसकेको स्वीकारेका छन् । बिहीबार र शुक्रबार भएको अत्याधिक वर्षाबारे पूर्वानुमान र आवश्यक पूर्वतयारी गर्न नसकिएको प्रधानमन्त्री ओलीले स्वीकारेका हुन् । नेपालका सन्दर्भमा पूर्व प्रतिकार्य कमाण्ड सधैं समस्याका रूपमा रहेको पनि प्रधानमन्त्रीको स्वीकारोक्ति थियो । महाभूकम्प र कोरोनाको उदाहरण दिएर प्रधानमन्त्री ओलीले संभावित क्षतिबारे पूर्वतयारी गर्न नसकिएको बताएका थिए । यसपटक पनि सोचे भन्दा धेरै वर्षा हुँदा ठूलो मानवीय एवं भौतिक संरचनामा क्षति पुगेको प्रधानमन्त्रीले बताएका छन् ।

मंगलबारको पत्रकार सम्मेलनपछि सरकारबारे अवधारणा नै परिवर्तन भएको छ । किनकि प्रधानमन्त्री ओलीले सरकारबाट भएको कमजोरी स्वीकार्दै उद्धार, राहत, पुनर्स्थापना र पुनर्निर्माणको खाका प्रस्तुत गरेका छन् । मन्त्रीहरू, मुख्यसचिव र सचिवहरू सहित पत्रकार सम्मेलनमा उपस्थित प्रधानमन्त्री ओलीले सहकार्यको प्रस्ताव समेत गरेका छन् । मानवीय क्षति बाहेक १३ अर्ब बढीको नोक्सानी पुगेको हिसाब प्रस्तुत गरेका प्रधानमन्त्रीले राष्ट्रिय एकता भए फेरि पहिलेकै अवस्थामा पुग्न सकिने विश्वास व्यक्त गरेका थिए । स्थानीय नागरिक, राजनीतिक दलहरू, सामाजिक संघसंस्था र राज्यका निकायहरूबीच समन्वयमा प्रधानमन्त्रीले जोड दिएका छन् । त्यसैले मंगलबारको पत्रकार सम्मेलनपछि सरकारलाई हेर्ने दृष्टिकोण परिवर्तन भएको निष्कर्ष प्रस्तुत गरिएको हो । किनकि त्यति ठूलो क्षतिपछि चार दिनसम्म अलमलमा देखिएको सरकारको नेतृत्व गरिरहेका प्रधानमन्त्रीले प्रश्न गर्नेहरूमाथि उल्टै प्रश्न उठाएका थिए ।

तर प्रधानमन्त्रीले आफ्नो कोर्स सच्याएकाले अब अरू पक्षको काँधमा जिम्मेवारी आएको छ । विशेषगरी दलहरूबीच एकताबद्ध आवश्यक छ । अरू एजेण्डामा पक्ष र प्रतिपक्षी भएपनि संकट समाधानमा सहकार्य जरूरी हुन्छ । विगतका नजीरहरू हेर्दा अप्ठ्यारो परिस्थितिमा सिंगो समाज एक ढिक्का बनेको कयौं उदाहरण पाउन भेटाउन सकिन्छ । २०७२ को महाभूकम्प पछि उत्पन्न परिस्थितिमा दलहरू मिलेर संविधान नै जारी गरेका थिए । भारतीय नाकाबन्दी खेप्न र सीमा अतिक्रमण हुँदा एउटै स्वरमा संविधान संशोधन भएको थियो । कोरोनाविरूद्ध लड्ने क्रममा केही समस्या देखिए पनि नागरिकको जीवन रक्षाको सवालमा सबै एक ठाउँ थिए । फेरि दशैंको मुखमा बाढी पहिरोको संकट आइलागेको छ । यो संकटविरूद्ध जुध्न दलहरू काँधमा काँध मिलाएर जुट्न जरूरी छ । अलगअलग स्वयंसेवक परिचालनको निर्णय गरेपनि सबै दलको समान उद्देश्य छ, पीडितहरूको पुनर्स्थापना । त्यसैले संकट समाधानमा सरकारकै नेतृत्वमा सम्पूर्ण समाज एकताबद्ध भएर उभिदा गुणात्मक नतिजा आउन सक्छ ।

# सत्ता केन्द्रित राजनीति

*देशमा व्यवस्था परिवर्तन भइरहन्छ, सरकार परिवर्तन भइरहन्छ, सत्ता समीकरण परिवर्तन भइरहन्छ, तर आम नागरिकहरूको आम मतदाताहरूको जीवन स्तरमा भने परिवर्तन हुन सकिरहेको छैन ।*

अग्रलेख



● नरेन्द्रमान श्रेष्ठ

नेपालको राजनीति सत्ता केन्द्रित भइरहेको छभन्दा पनि फरक नपर्ला । नेपालमा वर्ष/वर्षमा सत्ता समीकरण फेरिरहेका छन् । नेपालका राजनीतिक दलका नेताहरू भनाइमा र गराइमा फरक-फरक देखिन थालेका छन् । भन्छन् एउटा, गर्छन् अर्कै । नेपाली कांग्रेसका महामन्त्री गगन कुमार थापाले "अब २०८४ सालसम्म नेपाली कांग्रेस सरकारमा जाँदैन प्रतिपक्षमा नै बस्छ" भनेर भनेको एक साता नबित्दै नयाँ सरकार गठनको प्रक्रिया सुरु भएको थियो । नेपाली कांग्रेस र नेकपा (एमाले) मिलेर केपी शर्मा ओलीको नेतृत्वमा सरकार बनाउने सहमति गरे । नेकपा (माओवादी केन्द्र)को नेतृत्वको सरकारलाई ढलाइयो । यसकारणले पनि नेपालका नेताहरूसँग नैतिकता र इमानदारिता भन्ने नै छैनभन्दा पनि फरक नपर्ला । शायद यही कारणले होला, आम नागरिकहरूको विभिन्न राजनीतिक दलहरूप्रति वितृष्णा बढ्दै गइरहेको छ । विश्वसनीयता घट्दै गइरहेको छ ।

नेपाल मात्र यस्तो देश हो, जहाँ १८ महिनामा ६ पटक विश्वासको मत लिइन्छ । त्यसो त नेपालमा व्यवस्था परिवर्तन भइरहन्छ तर, नेताहरूको चरित्र भने परिवर्तन हुन सकेको छैन । पुराना राजनीतिक दलहरू मात्र नभई नयाँ कतिपय राजनीतिक दलहरूलाई पनि आम मतदाताहरूले विश्वास गर्न सकिरहेका छैनन् ।

नयाँ भनिएको नेताहरूको चरित्रमा पनि परिवर्तन देखिएन भन्दा पनि फरक नपर्ला । देशमा व्यवस्था परिवर्तन भइरहन्छ, सरकार परिवर्तन भइरहन्छ, सत्ता समीकरण परिवर्तन भइरहन्छ तर, आम नागरिकहरूको आम मतदाताहरूको जीवन स्तरमा भने परिवर्तन हुन सकिरहेका छैन । विभिन्न राजनीतिक दलहरूका नेताहरूको जीवन स्तरमा भने ठुलो परिवर्तन भइरहेको छ । गाउँबाट चप्पल लगाएर काडमाडौंका नेवा:हरूको घरको छिँडीमा भाँडामा बसेर राजनीतिक गर्ने गरेका नेताहरूको जीवन लज्जरी भइसकेका छन् । अरबपति भइसकेका छन् तर, आम नागरिकहरू भने रोडमा नै छन् भन्दा पनि फरक नपर्ला ।

आफ्ना नजिकका नातेदारहरू, श्रीमती, छोराछोरी अनि आफ्ना आसेपासेहरूलाई राजनीतिक नियुक्ति दिने गरिएको छ । आफू दलको नेतृत्व हुँदा श्रीमतीलाई सांसद, मन्त्री अनि छोराछोरीलाई पनि उच्च जिम्मेवारी दिने चलन बसाइएको छ । यस्तोमा आम नागरिकहरू भने आफ्नो हक र अधिकारको लागि सधैं रोडमा पुग्छन् । नेपालको राजनीतिमा जुन जोगी आए पनि कानै चिरेको भन्ने भाष्य निर्माण भइरहेको छ । त्यसो त नेपालको राजनीतिमा नयाँ-नयाँ राजनीतिक दलहरू र नेताहरूको पनि उदय नभएको भने होइन । तर, उनीहरूको चरित्र पनि पुरानाको जस्तै सत्तामुखी मात्रै छ ।

नेपालको राजनीतिक क्षेत्रमा होमिएका नयाँ-पुराना नेताहरूको चरित्र, प्रवृत्ति र पद्धतिमा परिवर्तन नभएसम्म आम नागरिकहरूको जीवन स्तरमा परिवर्तन आउँदैन । पछिल्लो समय सत्तासीन सरकारमा रहेका दलहरू कोही गिरिबन्धु टी स्टेट काण्डमा त कोही सुन काण्डले डामिएका छन् । यसैगरी, कोही सहकारी ठगीमा परेका छन् त कोही ललिता निवास काण्डमा परेका छन् । स्काउटको जग्गा काण्डमा आरोपित पनि छन् । अनियमितता र भ्रष्ट आचरण भएकाहरूले सरकार चलाइरहेको भन्ने आमनागरिकहरूको गुनासो रहेको छ । अनि आम नागरिकहरूले यस्ताबाट के आश गर्ने ?



वृद्ध भत्ता खाएर नाति-नातिनी खेलाएर बस्न पर्नेहरूले नै पालो-पालो सरकार चलाएर बसेका छन् । अनि देश कसरी बन्ने ? देशका अधिकांश युवाहरू बिदेसिएका छन् । बौद्धिक व्यक्तित्वहरू बिदेसिएका छन् । विद्यार्थीहरू पनि अध्ययनको लागि भन्दै धमाधम पलायन भइरहेका छन् । विदेशमा अध्ययन गर्न जानेहरूको कारणले देशको अरबौं रुपैयाँ विदेश गइरहेको छ । देशमा युवा विहीन भइरहेका छन् तर, सरकार भने रेमिटेन्सले देश चलाइरहेको छ । जीवनयापनको लागि अत्यावश्यकीय बस्तुहरू आयात गर्न परिरहेका छन्, देशमा कृषि उत्पादन धमाधम घट्दै छन् । अहिले पुराना नेताहरूमा मात्र नभई नयाँ भनिएका नेताहरूप्रति पनि आमनागरिहरूको वितृष्णा बढिरहेको छ ।

त्यसो त गएको २०७९ सालको आम निर्वाचनमा देशमा वैकल्पिक राजनीतिक दलहरूको उदय पनि नभएको होइन तर, तिनीहरूलाई पनि आम नागरिकहरूले विश्वास गर्ने अवस्था भएन । नयाँ दल र नयाँ नेताहरू अनुहारमा नयाँ तर, चरित्र भने उही पुरानै खालको देखियो । जस्तै पात्र मात्र फेरिए, चरित्र संस्कार फेरिएन भन्दा पनि फरक नपर्ला । त्यसो त कतिपयको भनाइमा शीर्षस्थ नेताहरूलाई भ्रष्ट तानाशाह प्रवृत्तिको बनाउनेमा राजनीतिक दलहरूका 'झोले' प्रवृत्तिका नेता कार्यकर्ताहरू नै हो भन्दा पनि फरक नपर्ला ।

२०७९ सालको आमनिर्वाचनसँगै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी, आम जनता पार्टी (आजपा) जस्ता पार्टीहरू उदाए । नयाँ पार्टीहरूमध्ये राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) केही बढी चर्चामा रह्यो । त्यसका सभापति रवि लामिछाने निरन्तर चर्चामा रहिरहे । यद्यपि, उनको सन्दर्भमा बनेको चर्चा सकारात्मक भने छैन ।

*वृद्ध भत्ता खाएर, नाति-नातिनी खेलाएर बस्न पर्नेहरूले नै आलो-पालो गरेर सरकार चलाएका छन् । व्यवस्था फेरियो तर, पात्रहरू फेरिएनन् । न उनीहरूमा नयाँपन छ, न त जोश र जाँगर नै छ । जनताले फेरि यिनीहरूबाटै नयाँ खोज्नु व्यर्थ हो ।*

उनको सन्दर्भमा विवाद मात्रै छ । उनी कहिले नागरिकता तथा पासपोर्ट दुरुपयोगको सन्दर्भमा मुछिए भने कहिले सहकारी अपचलनमा मुछिए । अहिले सहकारी काण्डमा संसदीय छानबिन समितिले उनीमाथि कारबाहीको सिफारिस गरेको छ । संसदीय समितिले सिफारिस गर्दैमा उनी दोषी हुन् भनेर भन्न मिल्दैन, यद्यपि उनीमाथि लागेको आरोप असामान्य छ । सार्वजनिक भएका तथ्य तथा प्रमाणहरूले उनी निर्दोष हुन भन्दैन । यस्तो अवस्थामा नयाँ मानिएका लामिछानेबाट आशा गर्ने ठाउँ पनि रहेन । लामिछानेको सन्दर्भमा 'माछा माछा भ्यागुतो' जस्तै भयो ।

त्यसो पछिल्लो समयमा संविधान संशोधनको चर्चा चलिरहेको छ । संविधान संशोधन गर्दा देशमा प्रत्यक्ष कार्यकारी प्रमुखको व्यवस्था गर्नुपर्ने आवाज उठेको छ । राजनीतिक दलहरू यसको लागि तयार हुनुपर्दछ । प्रतिनिधि सभाले ऐन, नियम, कानुन बनाउने अनि प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखले सरकार चलाउने कुरा आवश्यक छ । त्यसो भएमा मात्रै मुलुकले स्थिरता लिन सक्छ । त्यस्तो अवस्थामा विभिन्न राजनीतिक दलका भ्रष्ट प्रवृत्तिका नेताहरू पाखा लाग्ने सम्भावना पनि उत्तिकै रहन्छ । त्यसो त आफ्ना नेताहरूलाई सबै थोक देख्ने नेता तथा कार्यकर्ता रहेसम्म, यिनीहरूको प्रवृत्तिमा परिवर्तन नआएसम्म, नेताहरूको चरित्रमा पनि परिवर्तन आउँदैन । यी यस्ता प्रवृत्तिका नेता तथा कार्यकर्ताहरूले नै नेताहरूलाई भ्रष्ट र तानासाह प्रवृत्तिको बनाएको हो भन्दा पनि फरक नपर्ला ।

## सामाजिक सञ्जाल



- रञ्जित तामाङ

